# शिवपुरी गाउँपालिका स्थानीय राजपत्र

शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड ४) शेराबगर, नुवाकोट, २०७७ /११/ २३ गते (संख्या ५)


# भाग २

## गैरसरकारी संस्था (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

शिवपुरी गाउँपालिका

शेराबगर, नुवाकोट

बागमती प्रदेश, नेपाल

# गैरसरकारी संस्था (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

**प्रस्तावना:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को नीतिगत ब्यवस्थाको प्रभावकारिताको लागि शिवपुरी गाउँपालिका क्षेत्रभित्र काम गर्ने सम्पूर्ण गैह्र सरकारी संस्थासँगको सहकार्य, समन्वय, सहयोग, सहभागिता र परिचालन मार्फत विकासमा सहभागिता, पारदर्शिता र जवाफदेहिता बृद्धि गर्दै जानु अपरिहार्य भएकोले गैर सरकारी संस्थाहरुलाई स्थानीयतहको विकास कार्यमा सरीक गराउने, उनीहरुको प्रवर्द्धन, नियमन, निर्देशन, एवं कार्य सहजीकरण प्रभावकारी रुपमा गर्ने उद्धेश्यले शिवपुरी गाउँपालिकाबाट यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

१) **संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम “गैरसरकारी संस्था (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७७” रहने छ।

(ख) यो कार्यविधि शिवपुरी गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२) **परिभाषा :** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउने छ।

(ख) “गाउँसभा” भन्नाले स्थानीय सरकार संचालन २०७४ को दफा २२३ को उपधारा (१) बमोजिमको गाउँ सभालाई सम्झनुपर्छ।

(ग) “गाउँपालिका” भन्नाले शिवपुरी गाउँपालिका लाई जनाउने छ ।

(घ) “अध्यक्ष” भन्नाले शिवपुरी गाउँपालिकाको अध्यक्षलाई जनाउने छ।

(ङ) “उपाध्यक्ष” भन्नाले शिवपुरी गाउँपालिकाको उपाध्यक्षलाई जनाउने छ।

(च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले शिवपुरी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई जनाउनेछ ।

(छ) "गैर सरकारी संस्था समन्वय समिति" भन्नाले गाउँपालिका स्तरमा गठन भएको गैरसरकारी संस्था समन्वय समितिलाई जनाउने छ ।

(ज) "संयोजक" भन्नाले शिवपुरी गाउँपालिकाको गैरसरकारी संस्था समन्वय समितिको संयोजकलाई जनाउने छ ।

(झ) "सदस्य सचिव" भन्नाले शिवपुरी गाउँपालिकाको गैरसरकारी संस्था समन्वय समितिका सदस्य सचिबलाई जनाउने छ ।

(ञ) "सदस्य" भन्नाले संयोजक लगायत शिवपुरी गाउँपालिकाको गैरसरकारी संस्था समन्वय समितिका सदस्यहरुलाई जनाउने छ ।

(ट) "वैठक" भन्नाले शिवपुरी गाउँपालिकाको गैरसरकारी संस्था समन्वय समितिको वैठकलाई जनाउने छ ।

## परिच्छेद २

### लक्ष्य तथा उद्देश्य

स्थानीय शासन प्रक्रियामा सामाजिक परिचालनको माध्यमबाट पिछडिएका क्षेत्र तथा वर्गका महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् दलितहरू समेतको स्थिति तथा आर्थिक, सामाजिक स्तरमा सुधार ल्याई सुसंस्कृत, समतामूलक, सशक्त एवम् सहभागितात्मक प्रक्रियाद्वारा समुन्नत समाजको स्थापनाको लागि स्थानीय तह र गैर सरकारी संस्थाहरु बीच पारस्परिक सद्भाव अभिवृद्धि गरी विकासका सहयात्रीको रुपमा कार्यक्रम संचालनमा सहयोग पुऱ्याउनु यस कायविधिको लक्ष्य हुनेछ। उपरोक्त लक्ष्य पूरा गर्न देहायका उद्देश्यहरु प्राप्तिमा जोड दिईनेछ ।

२.१ सेवामुखी व्यवहारर पारदर्शितामा जोड दिँदै सहभागितामूलक रूपमा स्थानीय तहबाट सञ्चालन गरिने विकास क्रियाकलापहरुलाई संस्थागत प्रणालीको विकासमा सहयोग पुऱ्याउने ।

२.२ विकास प्रयासको पहुँच नपुगेका समुदाय र वर्गबाट हुने योगदानको कदर गर्दै सामाजिक तथा आर्थिक रुपमा तिनलाई आत्मनिर्भर र सशक्त

बनाउने कार्यमा साझेदारको रुपमा काम गर्न सहयोग पुऱ्याउने ।

२.३ सामाजिक-आर्थिक क्रियाकलापमा पिछडिएको वर्ग, जाति र क्षेत्रका साथै त्यहाँका महिला तथा पुरुषको संलग्नता, सहभागिता, भूमिका तथा योगदानलाई समान ढंगले अभिवृद्धि गर्दै उनीहरुको अधिकारको संरक्षण गर्ने कार्यमा सघाउ पुऱ्याउने ।

२.४ गाउँपालिका क्षेत्रभित्रका समस्त गैर सरकारी संस्थाहरुको गतिविधि तथा कृयाकलापहरुलाई गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप नै मूलप्रवाहिकरणमा ल्याउने ।

२.५ गाउँपालिका क्षेत्रभित्र रहेका गैससहरुको बार्षिक तथा अर्धवार्षिक रुपमा प्रगतिको समीक्षा र मुल्याङ्गन गरी आवश्यक निर्देशन दिने ।

२.६ गाउँपालिका क्षेत्रभित्र रहेका गैससहरुको प्रोफाईल तयार गरि सूचनालाई अद्यावधिक गर्ने ।

२.७ गाउँपालिका क्षेत्रभित्र रहेका गैससहरुका कृयाकलापहरुमा दोहोरोपन न्यूनिकरण गर्दै एकद्वार प्रणाली कायम गर्ने ।

## परिच्छेद ३

### गैरसरकारी संस्था संचालन सम्वन्धी सिद्धान्त, रणनीति तथा नीतिः

**३.१ गैर सरकारी संस्था संचालन सम्वन्धी सिद्धान्तहरुः** गैसस संचालन सम्वन्धमा देहायका सिद्धान्तहरु अबलम्बन गरिनेछः

- गाउँसभा संचालन हुनुपूर्व गैससहरुले कार्यक्रम पेश गरी सभाबाट स्वीकृत भए बमोजिम गर्ने, गराईने । कार्यक्रम यसै कार्यविधिको अनुसूची १ मा उल्लेखित ढाँचा अनुसार पेश गर्नुपर्नेछ ।
- गैसस, विकास साझेदारहरुको सवल पक्ष बृद्धिका लागि प्रोत्साहन गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र कार्य गर्ने गैससका कार्यक्रमहरु पारदर्शी, उत्तरदायी र लक्ष्यमूलक बनाउँदै जाने ।
- कार्यक्रम तर्जुमा देखि कार्यान्वयन तहसम्म लक्षित समुदायको संलग्नता गराउनुपर्ने ।
- समाजका कमजोर पक्षलाई सबल बनाउन ध्यानदिएको हुनुपर्ने ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को मूल मर्मलाई आत्मसात गर्नुपर्ने ।

**३.२ संस्था संचालन सम्वन्धी निम्नानुसारको रणनीति अवलम्वन गरिनेछः**

- गैरसरकारी संस्थालाई गाउँपालिका क्षेत्रको विकासको लागि विकास साझेदारको रुपमा स्थापित गर्दै लगिनेछ ।
- गैरसरकारी संस्थाका प्रमुख कार्यक्षेत्र यकिन गरी सहकार्यको आधारमा कार्यक्रम संचालन गरिनेछ ।
- गैरसरकारी संस्थाहरुको कामको मूल्यांकन गरी प्रोत्साहन गर्दै लगिनेछ ।
- गैरसरकारी संस्थाहरुलाई लक्षित वर्ग, जोखिमग्रस्त समुदायएवं पिछडिएको क्षेत्रमा एवं गाउँपालिकाले तोकेको प्राथमिकता प्राप्त क्षेत्रमा कार्य गर्न प्रोत्साहित गर्दै लगिनेछ ।

**३.३ गैर सरकारी संस्था संचालन सम्वन्धी नीतिहरु :** उपरोक्त रणनीतिहरु पुरा गर्न निम्नानुसारको नीतिहरु अवलम्वन गरिनेछः

- स्थानीय तहद्वारा संचालन हुने कार्यक्रममा गैससहरुको सहभागिता र साझेदारी अभिवृद्धि गर्ने ।
- पिछडिएको वर्ग, क्षेत्र र समुदाय तथा महिलाहरु, ज्येष्ठ नागरिक एवं उत्पीडित समुदायमा सामाजिक परिचालनको लागि विशेष कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिने ।
- गैरसरकारी तथा निजी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- गैससको दर्ता/नवीकरण प्रणाली सुदृढ गरी स्थानीय स्तरमा सुदृढ तथ्यांकमा आधारित सूचना व्यवस्था (database) तयार गरी अभिलेख व्यवस्थित गर्न सघाउ पुर्‍याउने ।
- गैरसरकारी क्षेत्रबाट समाजले प्राप्त गर्ने तुलनात्मक लाभ र सिकाइहरूको अत्याधिक उपयोग गर्नमा मद्दत्त पुर्‍याउने ।
- गैससहरुको सुशासन, व्यवस्थापन र संस्थागत विकासमा सहयोग पुर्‍याउने ।
- विकासको जिम्मेवार सहयात्रीको रुपमा पारस्परिक सहयोग वृद्धि गर्ने ।

- गैससहरुको कृयाकलापहरुलाई पारदर्शी बनाउन वित्तिय लेखापरिक्षण, सामाजिक परीक्षण, कार्यस्थलमा सार्वजनिक लेखापरीक्षण गरि सार्वजनिक गर्नुपर्ने ।
- अर्धवार्षिक, वार्षिक रुपमा गैससहरुको कार्यकमको प्रगतिप्रतिवेदन पेश गर्ने तथा  प्रस्तुतिकरणको व्यवस्था अवलम्वन गराउने ।

## परिच्छेद ४

## गैरसरकारी संस्थाको कार्यक्षेत्र, प्रकार र गैससको भूमिका

**४.१ गैरसरकारी संस्थाहरुको कार्यक्षेत्र निम्नानुसार हुनेछ :**

क) सामाजिक विकासको पूर्वाधार निर्माण सम्वन्धि क्रियाकलापहरु

ख) जनचेतना बृद्धि गर्ने कार्यहरु

ग) लक्षित वर्ग एवं पिछडिएको क्षेत्रको न्याय एवं विकासको लागि बहस, पैरवी गर्ने सम्वन्धि कार्यहरु

घ) लक्षित वर्गको आयआर्जन क्षमता बढाउन कृषि, पशु, सीप मुलक तालीम सम्वन्धी कार्यहरु

ङ) साक्षरता अभिवृद्धि, चेतना बढाउने अभियान वा विशेष कार्यक्रम संचालन गर्ने

च) जनताको स्वास्थ्य, सरसफाई, प्राकृतिक श्रोतको संरक्षण, वातावरण जस्ता पक्षको प्रवर्द्धन गर्ने

छ) मानवअधिकार, जोखिममा रहेका पक्षको राहत एवं पुनस्थापना गर्ने  सम्वन्धी कार्यहरु

ज) गैसस संचालन सम्बन्धि नीतिहरुलाई प्राथमिकता दिने, खेलकुद सम्बन्धि कृयाकलापहरु गर्ने

झ) जलवायु परिवर्तन (climatechange) को प्रभावकम गर्न सहयोग पुर्‍याउने कार्यहरु

४.२ उपदफा ४.१ का अतिरिक्त गैरसरकारी संस्थाहरुको कार्यक्षेत्र मूख्यतः दलित, महिला, बृद्ध, अपांगता भएका ब्यक्ति, वालबालिका, एकल महिला,

जनजाति, पिछडिएको वर्ग एवं क्षेत्रका समुदाय आदिलाई केन्दित गरी विपन्नता नक्सांकनमा पछाडि रहेका वर्गमा विशेष प्राथमिकताका साथ गैससहरुलाई परिचालन गर्न जोड दिइनेछ ।

४.३ **गैरसरकारी संस्थाहरुको वर्गिकरण** : गैरसरकारी संस्थाहरुको वर्गिकरण निम्नानुसार गर्न सकिनेछ :

१) पेशागत संस्थाहरु जस्तै तालिम, परामर्श तथा अनुसन्धान गर्ने संस्थाहरु

२) सामुदायिकविकास सम्वन्धी संस्थाहरु

३) महिला तथा वालवालिका सम्वन्धी संस्थाहरु

४) मानवअधिकारको प्रवर्धन गर्ने संस्थाहरु

५) कृषि, वन, तथा वातावरण सम्वन्धि काम गर्ने संस्थाहरु

६) जनस्वास्थ्य सम्वन्धि काम गर्ने संस्थाहरु

७) गरिवी निवारण सम्बन्धि काम गर्ने संस्थाहरु

८) सार्वजनिक नीतिमा अध्ययन गर्ने सँस्थाहरु

९) अन्य प्रकृतिका संस्थाहरु

४.४ **गाउँपालिकाको भूमिका:** गाउँपालिका क्षेत्रभित्र गैसस संचालन एवं व्यवस्थापन सम्बन्धमा शिवपुरी गाउँपालिकाको भूमिका देहायबमोजिम रहनेछ ।

१. सामाजिक विकासका लागि सहयोगीको भूमिका

२. आवधिक योजनाको लक्ष्य प्राप्तिमा उत्प्रेरक, नियामक, सहजकर्ताको भूमिका

३. सामाजिक परिचालन र सहभागिता प्रवर्द्धनको भूमिका

४. पारदर्शिता कायम गर्न तथा गरिबी न्यूनिकरण उन्मुख नीतिको तर्जुमा र कार्यान्वयन गर्न सहयोगीको भूमिका

५. स्थानीय तह र विषयगत शाखाहरू सितको निरन्तर सम्पर्क र अन्तरक्रिया तथा प्रक्रियात्मक सुधारमा सहयोगीको भूमिका

६. सरोकारवाला संस्थाहरूबीचको सम्पर्क र सिकाइ आदान प्रदानमा सहयोगीको भूमिका

७. समुदाय र सेवाबीच माग सिर्जनामा उत्प्रेरकको भूमिका

८. दलित एवं पिछडिएका वर्गको उत्थान र मूलप्रवाहीकरणमा सहजकर्ताको भूमिका

९. महिला, युवा, वृद्ध, असहाय, अशक्त र अपांगहरुको उत्थान/सशक्तिकरणका लागि सहजीकरणको भूमिका

१०. जलवायु परिवर्तन (Climate Change) को प्रभाव न्यूनिकरणका लागि सहजीकरणको भूमिका

## परिच्छेद ५

## गैरसरकारी संस्था समन्वय समितिको गठन र यसको काम, कर्तब्य एवं अधिकार

५.१ शिवपुरी गाउँपालिकामा कार्यरत गैरसरकारी संस्थाहरुको समन्वय तथा व्यवस्थापन गर्न निम्न बमोजिम गाउँपालिका स्तरीय गैरसरकारी संस्था समन्वय समितिको गठन गरिनेछ ।

क) गाउँपालिका उपाध्यक्षः संयोजक

ख) सामाजिक विकास समितिको संयोजकः सदस्य

ग) गाउँपालिकाले तोकेको कार्यपालिका सदस्यः सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी सदस्य

ङ) सामाजिक विकास शाखा हेर्ने शाखा प्रमुखः सदस्य सचिव

समितिले आवश्यकतानुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**५.२ गैसस समन्वय समितिका काम, कर्तब्य र अधिकार :**

क) गैरसरकारी संस्थाहरु परिचालन सम्वन्धी नीति तर्जुमा एवं समसामयिक कार्यक्रमहरु परिमार्जन गरी स्वीकृतिका लागि शिवपुरी गाउँकार्यपालिकामा पेश गर्ने

ख) गैससहरुका बजेट तथा कार्यक्रमहरु अध्ययन गरी स्वीकृतिका लागि शिवपुरी गाउँकार्यपालिकामा पेश गर्ने

ग) गैससहरुको क्षमता विकासमा सहयोग पुर्‍याउने

घ) गैससहरुको अनुगमन, मूल्यांकन गरी उत्कृष्ट कार्य गर्नेलाई पुरस्कार र नराम्रो कार्य गर्नेलाई उचित नियमनका उपायहरु अपनाउने

ङ) गैससका कार्यहरुको मूल्यांकनका आधार र सुचक तयार गर्ने

च) गैससहरुको परिचालन एवं ब्यवस्थापन सम्वन्धी आवश्यक फारम, ढाँचा आदितयार गर्ने

छ) पिछडिएका वर्ग र क्षेत्रका महिला तथा वालवालिकाको हित र लैङ्गिक समानता जस्ता सामाजिक विषयहरुमा कार्यक्रमहरु कार्यान्वयन तथा अनुगमनका लागि गैससहरुलाई परिचालन गर्नुका साथै आवश्यक सहयोग पुऱ्याउने ।

ज) गैसस संलग्न रहेको कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन तथा समीक्षा गरी प्रतिवेदन सम्बन्धित समितिमा पेश गर्ने ।

झ) गैससहरुको सार्वजनिक लेखा परीक्षण लगायत विभिन्न प्रतिवेदनहरुको अभिलेख र विश्लेषण गर्ने ।

ञ) गैसस सम्वन्धी तथ्याङ्क, सूचना सकंलन गर्ने वा सो कार्यमा सहयोग र समन्वय गर्ने ।

ट) गैसस समन्वय र ब्यवस्थापन सम्बन्धी अन्य आवश्यककार्यहरु गर्ने ।

## परिच्छेद ६

## गैससका कार्यक्रमको अनुगमन एवं मूल्यांकन

६.१ गैरसरकारी संस्था एवं उनिहरुको कार्यको अनुगमन एवं मूल्यांकन निम्नानुसार हुनेछ :

क) गैरसरकारी संस्थाहरुबाट सम्पादित कार्यहरुको अनुगमन तथा मुल्याङ्कन सम्वन्धित संस्थाले गैसस समन्वय समिति मार्फत नियमित रुपमा गराउनु पर्नेछ । अनुगमन सम्वन्धि सम्पूर्ण खर्चहरु सम्वन्धित संस्था आफैले व्यहोर्नु पर्नेछ । अनुगमन तथा मुल्याङ्कनका मुख्य आधार अनुसूची २ मा उल्लेख भए अनुरुप हुनेछ ।

ख) उपरोक्तानुसार भएको अनुगमन एवं मूल्यांकनको आधारमा प्राप्त प्रतिवेदन अनुसार आवश्यकता अनुसार गैससहरुले आफ्नो कार्यमा परिमार्जन गर्नु पर्नेछ ।

ग) गैसस समन्वय समितिले गैससका कार्यको अनुगमन एवं मूल्यांकन गर्न सोको आधार, सुचक, अन्य उपयुक्तविधिहरु समेतको विकास गरि सो आधारमा उनिहरुको कार्य, उद्धेश्य र उपलब्धि वीचको सम्वन्ध समेतको विश्लेषण गरि अनुगमन एवं मूल्यांकन गर्नेछ ।

६.२ गैससहरुले संचालन गरेका कार्यक्रमहरुको सम्बद्ध निकायहरुको सहभागितामा संयुक्त अनुगमन एवं नियमित अनुगमन गरिने र अनुगमन पश्चात अनिवार्य रुपमा अनुगमन प्रतिवेदन तयार गरी पृष्ठपोषण गर्नुपर्नेछ । र यस्तो पृष्ठपोषण सम्वन्धित संस्थाले पालना गर्नुपर्नेछ ।

## परिच्छेद ७
## विविध :

**७.१** यो कार्यविधिमा कुनै कुरा अस्पष्ट भएमा समन्वय समितिको निर्णय अन्तिम हुनेछ ।

**७.२** व्याख्या तथा संसोधनः यो कार्यविधिको व्याख्या गर्ने अन्तिम अधिकार शिवपुरी गाउँ कार्यपालिकामा निहित रहनेछ ।

**७.३** **बाधा अड्काउ फुकाऊः** यो कार्यविधिमा कुनै वाधा अड्काउ पर्न आएमा सो बाधा अड्काउ फुकाउने अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ ।

## अनुसूची १

### शिवपुरी गाउँपालिका

### गाउँपालिकामा कार्यरत गैर सरकारी संस्थाबाट सञ्चालन हुने परियोजना विवरण फारम

आ.व. २० ........

कार्यान्वयन गर्ने संस्थाको नाम:

ठेगाना : इमेल, फोन

सम्पर्क व्यक्ति : इमेल, फोन

विकास साझेदारको नाम :

| सि.नं. | परियोजनाको नाम | उद्धेश्य | अपेक्षित प्रतिफल | मुख्य क्रियाकलाप | परियोजना अवधि | बजेट रु (,000) | | | | लक्षित समुदाय | | | परियोजना स्थल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | साझेदार | संस्थागत | समुदाय | जम्मा | वर्ग | घरधुरी | जनसंख्या | वडा | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**नोट :** आफ्नो संस्थाको आगामी आ.व. को क्रियाकलाप प्रष्ट रुपमा निर्दिष्ट फारम भरेर चालु आ.व.को जेठ मसान्तसम्म इलेक्ट्रोनिक कपि बुझाइ सक्नु पर्नेछ ।

फारम बुझाउने ठेगाना : shivapuri.rmun@gmail.com वा शिवपुरी गाउँपालिका, शेरावगर, नुवाकोट ।

## अनुसूची २

### मूल्याङ्कनका आधारहरु:

१. संस्थाको दीर्घकालीन सोच, उद्देश्य र रणनीति प्रष्ट उल्लेख भएको ।
२. संस्थाको कार्यक्रमको दीगोपनाबारे सम्बद्ध जनशक्तिलाई जानकारी भएको ।
३. गैससको व्यवस्थापकीय पक्ष र व्यवहार स्पष्ट भएको ।
४. संचालित वा सम्पन्न कार्यहरूको राम्रो अलिभेख भएको ।
५. सूचना तथा संचार र प्रतिवेदन प्रणाली व्यवस्थित भएको ।
६. स्थानीय स्रोत र साधनको अधिकतम परिचालन भएको ।
७. कार्यहरू संख्यात्मक मात्रन भई गुणात्मक पनि भएको ।
८. आन्तरिक र बाह्य सम्बन्ध राम्रो भएको ।
९. सूचकहरूको स्पष्टता र कार्ययोजना भएको ।
१०. कार्यहरू तोकिएको समयमा सम्पन्न भएको ।
११. कार्यहरूमा सुशासन, पारदर्शिता, नियमितता र नेतृत्व प्राप्त भएको ।
१२. वार्षिक रुपमा सार्वजनिक लेखा परीक्षणतथा लेखा  परीक्षण भएको ।
१३. स्थानीय सरकारसँग साझेदारी एवं प्रभावकारी समन्वय गरेको ।

प्रमाणीकरण मितिः २०७७।११।२३

आज्ञाले,
**युवराज आचार्य**
प्रमुख प्रशासकीय अधिकृत